# तिरहुत गाउँपालिका
## Tirhut Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

पत्र संख्याँ : २०८०/०८१
चलानी नं. : २४८४

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

मिति : २०८१/०३/०६

विषय : भुक्तानि बन्द हुने सम्बन्धमा ।

श्री सरोकारवाला सवै
श्री विषयगत शाखा सवै
श्री वडा कार्यालय सवै
तिरहुत गाउँपालिका, सप्तरी

उपरोक्त विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उप नियम (१) बमोजिम आर्थिक वर्ष समाप्त हुन भन्दा कम्तिमा ७ (सात) दिन अगावै भुक्तानि दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानि निकासा बन्द गर्नु पर्ने व्यवस्था रहेको छ। सो सन्दर्भमा यस कर्यालयको आर्थिक कारोवार स्थानिय सञ्चितकोष व्यवस्थापन प्रणाली (Su-TRA) बाट हुदै आएकोमा असार २४ गते नै Su-Tra बन्द भई सम्पुर्ण आर्थिक कारेवार बन्द हुने ब्यहोरा अवगत नै छ।

तसर्थ यस कार्यालयबाट चालु आर्थिक वर्ष २०८०/०८१ का लागि आठौं र नवौं (विशेष) गाउँ सभाबाट स्विकृत भएका योजना तथा कार्यक्रमहरुको लागि यस कार्यालयबाट सम्झौता भई कार्य आदेश लिई सकेका भुक्तानि लिन बाँकी यस कार्यालय अन्तर्गतका कार्यालयहरु, विषयगत शाखाहरु, सम्पूर्ण व्यक्ति, फर्म, आपुर्तिकर्ता, परामर्शदाता, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरु लगायतका सम्पूर्ण सरोकारवालाहरुले २०८१ असाढ १५ गते भित्र नियमानुसार समपुर्ण कागजात पेश गरि फरफारक गर्नु/गराउनु हुन अनुरोध छ साथै तोकिएको समय सिमा भित्र कार्यालयमा भुक्तानिको लागि पेश नभएमा/भुक्तानि नलिएमा सरोकारवालाहरु स्वयं नै जिम्मेवार रहने अन्यथा कार्यालय जवाफदेही नहुने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**अवगतार्थ**
श्री अध्यक्ष ज्यू, तिरहुत गाउँपालिका, सप्तरी
श्री उपाध्यक्ष ज्यू, तिरहुत गाउँपालिका, सप्तरी

**बोधार्थ**
श्री सुचना प्रविधि शाखा, तिरहुत गाउँपालिका, सप्तरी - कार्यालयको वेवसाईटमा अपलोड गर्न हुन ।

(बब्लु कुमार अग्रहरी)
आर्थिक प्रशासन शाखा प्रमुख

(ललन कुमार यादव)
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत